# Baglung Sewa Samaj, Canada

*"Working Together"*

**प्रजेक्टको लक्ष्य**

मुख्यत गरिब तथा बिपन्न परिवारमा जन्मेर शिक्षाको अवसरबाट बञ्चित भएका जेहेन्दार छात्रा-छात्र  तथा टुहुरा बाल-बालिकाहरुलाई छात्रवृति प्रदान गरि समाजमा तथा परिवारमा रहेको बिधमान अशिक्षा, हिंसा तथा असमानता हटाउदै गरिवि निवारणमा योगदान दिनुका साथै युवा-युवतिको शसक्तिकरणमा योगदान पुराउनु रहेकोछ ।यसका साथै यो कार्यक्रमले छनोटमा परेका बिधार्थीहरुको नेत्तृत्व बिकास, स्वयसेवा भावना को बिकासका साथै आपसी सम्बन्ध बिकासमा महत्तवपुर्ण योगदान दिनेछ । यसको फलस्वरुप युवा सशक्तीकरण हुने र समाजमा सकरात्मक सन्देश दिनुका साथै समाज परिवर्तनमा कोषेढुङ्गाको काम गर्ने छ ।

**कार्यक्रम स्थानः** यो कार्यक्रम अहिलेलाई बाग्लुङ जिल्लामा र छिमेकी जिल्लामा शुरु गरिने छ ।

**बिधार्थी छनोट मापदण्डहरुः**

बाग्लुङ सेवा समाज क्यानडाले उपलब्ध गराउने छात्रवृति पाउन बिधार्थीले देहाएका मापदण्ड पुरा गर्नु पर्नेछ ।

१. छात्रवृति पाउने बिधार्थी निम्न आर्थिक अवस्था भएको परिवारबाट हुनु पर्नेछ ।
   क) निम्न आर्थिक अवस्था भएको परिवार भन्नाले गरिबीको कारण आफ्ना बाल-बच्चालाई आधारभुत शिक्षाको व्यबस्था गर्न नसकेको, बिशेषत छोरीहरु पढ्न बाट बञ्चित भएको,
   ख) परिवारको खर्च चलाउन कमाउने मुल व्यक्ति नभएको अर्थात काम गर्न नसक्ने रहेको,
२. छात्रवृति पाउने बिधार्थीको शैक्षिक तथा चारित्रिक गुण असल भएको,
३. टुहुरा बाल-बालिकाले प्राथमिकता पाउने,
४. बाल-बालिका जसले एस एल सी सम्म पढ्ने दह्रो प्रतिबद्धता जनाउँछन,
५. आवेदन गर्दाको समयमा अन्य छात्रवृति तथा अन्य आर्थिक सहयोग कतैबाट नपाएको हुनु पर्नेछ,
६. ४ कक्षा देखी १० कक्षा सम्म अध्यनरत र माथीका मापदण्ड पुरा गरेका बिधार्थी योग्य हुनेछ,
७. वर्तमानमा बाग्लुङ जिल्ला तथा छिमेकी जिल्ला निवासी हुनेछन ।

**छनोट प्रकृया**

बाग्लुङ सेवा समाज क्यानडाले छनोटलाई पारदर्शी र निश्पक्ष बनाउन र योग्य उम्मेदबारलाई उक्त छात्रवृति उपलब्ध गराउन निम्न लिखित प्रकृया अवलम्वन गर्नेछ ।

१. संस्थाले वा संस्थाका सदस्यहरुले विभिन्न जानकारीका आधारमा छात्रवृतिको लागि बिध्यालयहरु वा ठाउंहरुको पहिचान गरिने  अथवा खुल्ला रुपमा आवेदन माग गरिने छ।
२. छनोटमा परेका बिधालयमा ३ जना सदस्य रहने गरि योग्य उम्मेदवार सिफारिस समिति बनाईने
३. सँस्थाले उपलब्ध गराएको छात्रवृती आवेदन भरि छनोट समितिमा दिएको हुनु पर्ने ।

४. सिफारिस समितिमा बिध्यालयको प्रधानध्यापक/शिक्षक/कर्मचारी, बिध्यालय ब्यबस्थापन समिति अधक्ष्य/ सदस्य अथवा अविभावक समुहका प्रतिनिधि र बाग्लुङ सेवा समाजले तोकेको १ जना रहने ।
५. समितिले निवेदक बिधार्थीको र परिवारको बारेमा आर्थिक र सामाजीक पक्षहरुको चौतर्फी अध्यन गरि बाग्लुङ सेवा समाजलाई सिफारिस गर्नेछ ।
६. सो समितिले संस्थालाई बुझाएको सिफारिसको आधारमा सँस्थाले छात्रवृति को-कस्लाई दिने भन्ने बारेमा निर्णय गर्नेछ र कार्वन्यनका लागी सम्बन्धित बिधालयवा संस्थाका प्रतिनिधिलाइ सम्पर्क गर्ने छ ।
७. समितिले सिफारिस गरेको बिध्यार्थी छनोट भएमा बाग्लुङ सेवा समाज क्यानडाले दिएको प्रारुप अनुरुप छात्रवृति सन्चालन, अनुगमन र पुनर्मुल्यांकनको काम सोहि समितिले नै निशुल्क रुपमा गर्ने छ ।
८. बिधार्थी/अविभावकले संस्थाले उपलब्ध गराएको छात्रवृति सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्नेछ भने सँस्थाको तर्फबाट प्रतिनिधिले सम्झौता पत्रमा हस्ताक्षर गर्नेछन ।

**छात्रवृति निरन्तरताका सर्तहरु**

१. बिधार्थीले अध्ययन छोडेमा स्वतरुपमा बन्द हुनेछ ।
२. छात्रवृति प्रदान गर्ने संस्थाले बिधार्थीको शैक्षिक तथा नैतिक आचरण सन्तोषजनक पाए सम्म ।
३. छनोट समितिले उपलब्ध गराएको बिधार्थीको प्रगति बिबरण सँस्थाले देहाएको मापदण्ड अनुसार भएमा ।
४. संबन्धित बिध्यालयलाई आवस्श्यक पर्ने न्युनतम उपस्थिति रहेमा।
५. छात्रवृति प्राप्त बिधार्थीले आफ्नो रुची अनुरुपको अतिरिक्त कृयाकलापहरुमा भाग लिनु पर्ने साथै स्वयंसेवकको रुपमा बिधालय द्धारा संचालित काममा सहाभागी हुनु पर्ने ।
६. माध्यामिक तहमा अध्ययन गर्ने बिधार्थीले संस्थाले गर्ने काममा आवस्यक परेमा स्वसेवकको रुपमा काममा सघाउने ।
७. उपलब्ध छात्रवृति मात्र केबल शैक्षिक प्रयोजनको रुपमा प्रयोग हुनु पर्ने ।
८. यदि बिधार्थी शैक्षिक तह उतिर्ण हुन नसकेमा छात्रवृती निरन्तर नहुने ।
९. बिधार्थी र सो सँग सम्बन्धित परिवार श्रोतबाट सँस्थाले मागेको समयमा सन्तोषजनक नतिजा पाए सम्म निरन्तर रहनेछ ।
१०. बाग्लुङ सेवा समाज क्यानडा सँग उपलब्ध गराउँदै आएको छात्रवृती पुर्व जानकारी दिदै जुनसुकै समय सो बिधार्थीलाई दिइराख्ने वा खारेज गर्ने भन्ने कुराको सम्पुर्ण अधिकार सुरक्षित रहनेछ ।
११. संस्थाको आर्थिक अवस्था कमजोर भएमा उपलब्ध गराउँदै आएको छात्रवृति घट्न वा पुर्ण रुपमा खारेज पनि हुन सक्छ । यस्तो अवस्थामा छात्रवृति द्धारा पुरस्कृत बिधार्थीहरुलाई पुर्व जानकारी दिईने छ ।

**छात्रवृति प्रदान गर्ने प्रकृया**

१. सिफारिस समितिबाट प्राप्त सिफारिसहरु मध्ये संस्थाले योग्य ठानेका उम्मेदवारहरुले मात्र छात्रवृति पाउनेछन ।
२. उक्त छात्रवृति रकम बिध्यालय मार्फत वा सस्थाका प्रतिनिधिबाट आवस्यकता अनुसार शैक्षिक बर्षको शुरुमा एकमुष्ठ तथा आशिंक रुपमा प्रदान गर्न सकिनेछ ।
३. बिधालयले बिधार्थीको आवस्यकता अनुसार पाठ्यपुस्तक, स्टेसनरि सामान, ड्रेस र अन्य शुल्क तिर्न सोझै सो रकमको प्रयोग गर्न समेत पाउने छ ।
४. यसरि गरिने खर्चको बिबरण बिधालयले संस्थाले उपलब्ध गराएको खर्च बिबरण फारममा राख्नेछ र सँस्थाले मागेको समयमा खर्चको बिबरण दिनेछ ।
५. बिधार्थीलाई कुनै शैक्षिक कामका लागी नगद रकम आवस्यक परेमा दिनु पर्नेछ तर घरयासी प्रयोजनको लागी प्रयोग गर्न पाईने छैन ।

**छात्रवृतिको रकम र छात्रवृति संख्या**

१. यो शैक्षिक वर्षको लागि छात्रवृतिको रकम निम्न माध्यामिक तहमा अध्ययन गर्ने बिधार्थीलाई प्रति बर्ष नेपाली रुपैयाँ ५,०००।- (पाँच हजार) र माध्यामिक तहमा अध्ययन गर्ने बिधार्थीलाई प्रतिबर्ष नेपाली रुपैयाँ ६,०००।- (छ हजार)। हुने छ ।
२. छात्रवृतिको रकम समय अनुसार पुनर्मुल्याङकन गर्न सकिने छ ।
३. छात्रवृतिको संख्या संस्थाको आर्थीक क्षमताले निर्धारण गर्नेछ ।

**बजेट संकलनका श्रोतहरु**

१. सस्थाका सदस्यहरुबाट आउने सहयोग र आपतकालिन बचतकोषको ब्याज आम्दानी
२. संस्थाका सदस्यहरु र शुभ चिन्तकहरुबाट हुने प्रायोजन
३. अन्य कोष संकलन कार्यक्रम ।

**कार्यक्रम अनुगमन तथा मुल्याङकन बिधि**

१. अनुगमनकालागी बिध्यालय र बिध्यार्थीले संस्थाले उपलब्ध गराएका अनुगमन/मुल्यांकन/प्रगति विवरण फाराम भरि वार्षिक रुपमा वा सस्थाले मागेको समयमा दिनु पर्ने छ।
२. संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरुले पनि बिधार्थी अधययनरत बिधालयको स्थलगत भ्रमणगरि रिपोर्ट लिनेछन ।
३. यसरि प्राप्त जानकारीको आधारमा सो छात्रवृति निरन्तर गर्ने वा खारेज गर्ने भन्ने कुराको अन्तिम निर्णय यसले पारेको सकरात्मक र नकरात्मक प्रभावको मुल्याङ्कन गरि गरिने छ भने सुधार गर्नु पर्ने भएमा सोहि अनुसार गरिनेछ ।

**धन्यबाद**